अध्यक्ष

# खयरसाल सामुदायिक वन उपभोक्ता समूह

## मध्यविन्दु नगरपालिका ११, खयरसाल, नवलपरासी (व.सु.पु.)

### बोलपत्रद्वारा काठ लिलाम बिक्रिको सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/१२/०९)**

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार आ.व. २०८१/०८२ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । **प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नवीकरण भएका वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत तथा अद्यावधिक भएका काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरि दर्ता भएका उद्योगले** यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपुर तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल :**

**१. लिलाम बिक्रि हुने वन पैदावारको विवरण :**

| सि.नं. | लट नं. | जात | ग्रेड | किसिम | थान | परिमाण (क्यु.फि.) | न्युनतम मुल्य (प्रति ईकाइ) रु. | मुल्यांकन रकम रु. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | A | गोलिया | ७ | ८१.६४ | १२५० | १०२०५० | संकलन खर्च प्रति क्यु.फि. रु.२०० थप लाग्नेछ | |
| | | साल | B | गोलिया | २८ | १९५.९४ | ९०० | १७६३४६ | | |
| | | साल | C | गोलिया | ११६ | ४२०.३५ | ६०० | २५२२१० | | |
| | | साल | D | गोलिया | ११ | २२.५४ | ३०० | ६७६२ | | |
| | | जम्मा | | | १६२ | ७२०.४७ | | ५३७३६८ | | |
| २ | २ | असना | A | गोलिया | १७ | ५१४.५५ | ४०० | २०५८२० | संकलन खर्च प्रति क्यु.फि. रु.२०० थप लाग्नेछ | |
| | | असना | B | गोलिया | ५ | ४८.२३ | ३०० | १४४६९ | | |
| | | असना | C | गोलिया | ८ | ३९.८ | १०० | ३९८० | | |
| | | जम्मा | | | ३० | ६०२.५८ | | २२४२६९ | | |
| ३ | | साल दाउरा (चट्टा) | | | | ३ | १२००० | ३६००० | संकलन खर्च प्रति चट्टा रु.१२५०० थप लाग्नेछ | |
| ४ | | असना दाउरा (चट्टा) | | | | ०.२५ | ४००० | १००० | | |
| | | **कुल जम्मा** | | | | | | २६१२६९ | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) बोलपत्र खरिद गर्ने **अन्तिम मिति :** २०८१/१२/२९ गते, **समय :** कार्यालय समय भित्र सम्म ।

ख) बोलपत्र दाखिला गर्ने **अन्तिम मिति :** २०८१/१२/३० गते, **समय :** कार्यालय समय भित्र सम्म ।

अध्यक्ष

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी वापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको **सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड, अरुणखोला** शाखा स्थित खाता नं. १४८०१०००००३२७२०१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको तयार गरिएको छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

४. बोलपत्रको लागि प्रत्येक लटका लागि रु.१,०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपुरबाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक **फर्म/उद्योग**का प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण तथा अद्यावधिक प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ ।

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०१/०३ गते दिनको १:०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैचालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।